# हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.
# Himal Dolakha Hydropower Company Ltd.
कालोपुल-७, काठमाडौं, नेपाल

फोन नं.: ०१-४४६२८४४


च. नं. १९/.०८०/८१

श्री नेपाल स्टक एक्चेन्ज लि.,

मिति : २०८०/१२/०८

सिहदरवार प्लाजा, काठमाडौ ।

**विषय** : वार्षिक साधारण सभा बस्ने बारे ।

महोदय,

उपरोक्त विषयमा यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८०/१२/०८ गते बसेको तेईसौं बैठकले कम्पनीको पन्ध्रौ(२०७८/७९) र सोह्रौं(२०७९/८०) वार्षिक साधारण सभा मिति २०८०/१२/२९ गते विहान ११:०० बजे सेलिब्रेशन हाईट, सुकेधारा, काठमाडौमा बस्ने र सो वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०८०/१२/१८ गते १ दिन शेयर दाखिल खारेज (Book Close) बन्द गर्ने निर्णय भएको व्यहोरा अनुरोधका साथ जानकारी गराउँदछौ ।

**संलग्न** :

साधारण सभा सम्वन्धी सूचना पाना- १

रञ्जना दहाल

अध्यक्ष

# हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको

## पन्धौं र सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१२/०९**

यस कम्पनीको मिति २०८०/१२/०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सर्म्पूण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.सभा हुने मिति, समय र स्थान:**

मिति : २०८०/१२/२९ गते
समय: बिहान ११:०० वजे
स्थान : सेलिब्रेशन हाईट, सुकेधारा, काठमाडौ ।

**२. छलफलको विषय:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८/०७९ र २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।
२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.ब. २०७८/०७९ र २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अनुसुचीहरु माथि छलफल गरी पारित गर्ने बारे ।
३) आ.ब. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४) स्वतन्त्र संचालकको नियुक्ती(अनुमोदन) गर्ने बारे ।
५) संचालक समितिको बैठकभत्ता निर्धारण गर्ने बारे ।
६) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१) सभामा उपस्थित हुनु हुने शयरधनी महानुभावहरुले प्रवेश-पत्रका साथै आफ्नो परिचय खुल्ने(जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) कागजात अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन । कम्पनीको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पठाउने र कम्पनीको आधिकारीक वेभसाइट www.himaldolakhahydropower.com मा प्रकाशन गर्ने व्यवस्था मिलाईएको छ । कुनै कारणवश उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौ वा कम्पनीको शेयर रजिष्ट्रार ग्लोवल आइएमई क्यापिटल लिमिटेडको कार्यालय, नक्साल काठमाडौबाट प्राप्त गर्न सक्नुहुनेछ ।
२) सभामा भाग लिन प्रतिनिधी(प्रोक्सी) नियुक्तगर्न चाहने शेयरधनीभावहरुले रितपूर्वकको प्रतिनिधि-पत्र(प्रोक्सी) दिई नियुक्त गर्नु पर्नेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा २४ घण्टा अगावै प्रतिनीधिपत्र कम्पनीको कार्यालय, कालोपुल, काठमाडौमा पेश गरि सक्नुपर्नेछ । प्रतिनिधी(प्रोक्सी)नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थितभई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भएतापनि त्यस्तो प्रतिनिधीपत्र स्वत: बदर हुनेछ ।
३) संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिनपाउने छ ।
४) सभामा भागलिने प्रत्येक शेयरधनी महानुभावले सभाहुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर लिएको भए त्यस्तो संस्था वा कम्पनीले अधिकार प्रदान गरेको प्रतिनिधीले शेयरधनीको हैसियतले सभामा भाग लिन पाउने छ ।
५) वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/१२/१८ गते १ दिन कम्पनीको शेयर दाखिल खारेज (Book Close) बन्द रहने छ ।
६. साधारण सभा सम्बन्धी अन्य जुनसुकै किसिमको जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय कालोपुल फोन नं. ४५६२८४४ वा शेयर रजिष्ट्रारको कार्यालय, नक्साल काठमाडौमा सम्पर्क गर्न सकिनेछ ।